**गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि शैक्षिक बहस कार्यक्रमले गुणस्तरीय शिक्षाको लागि ५० बुंदे कार्यान्वयनका लागि गरेको प्रतिवद्धता २०८० मंसिर २५**

१. विद्यालयले शिक्षक, वि.व्य.स र अभिभावक विच मासिकरुपमा समन्वय र छलफल गर्ने ।

२. शिक्षा सम्बन्धी जनचेतना सरोकारवाला सवैले विद्यालयको भौतिक सुधारका लागि आवश्यक पहल गर्ने ।

३. विद्यालयको आर्थिक संकलन र खर्चको विवरण पारदर्शिता गराउने ।

४. विद्यालयको आचार संहिता निर्माण गरी पूर्णरुपमा पालना गर्ने गराउने ।

५. विद्यालयको नियमित लेखापरीक्षण गर्ने गराउने ।

६. विद्यालयले समय समयमा अभिभावक भेला गराउने र अभिभावकहरुलाई शिक्षाको लागि सक्रिय गराउने ।

७. भागेश्वर गा.पा.मा हरित विद्यालय निर्माण गर्ने ।

८. विद्यालय सुधार योजना निर्माणको वार्षिक रुपमा समिक्षा मूल्याङ्कन गर्ने ।

९. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले नियमित रुपमा पालो लगाइ दैनिक रुपमा विद्यालय निरीक्षण गर्ने ।

१०. विद्यालय व्यवस्थापन समितिले अभिभावक, विद्यार्थी र शिक्षकहरुबीच नियमित रुपमा छलफल अन्तरक्रिया सञ्चालन गर्ने ।

११. विद्यालय व्यवस्थापन समितिले शैक्षिक समाग्री तथा भौतिक साधनहरुको व्यबस्थापन गर्ने ।

१२. भागेश्वर गा.पा.मा विद्यालयलाई राजनैतिक क्रियाकलापहरुबाट टाढा राख्ने ।

१३. भागेश्वर गा.पा. भित्रका समुदायले वालवालिकाहरुलाई नियमितरुपमा विद्यालय पठाउने ।

१४. अभिभावकहरुले आफ्नो वालवालिकालाई नियमिति रुपमा गृहकार्य गराउने ।

१५. विद्यालयलाई आवश्यकताको आधारमा समुदायले सहयोग गर्ने ।

१६. स्थानीय तहले भौतिक, शैक्षिक तथा आर्थिक सहयोग गर्ने ।

१७. स्थानीयतहले पालिका भित्रका शिक्षकहरुको तालिम व्यबस्था गर्ने ।

१८. भागेश्वर गा.पा. भित्रका उत्कृष्ट विद्यालय तथा शिक्षकहरुलाई पुरस्कृत गर्ने ।

१९. भागेश्वर गा.पा. भित्रका शिक्षकहरुले वाहानावाजी होइन वास्तविक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

२०. शिक्षकले पूर्णतया आचार संहित पालना गरी विद्यालयमा शिक्षण सिकाइ क्रियाकला सञ्चालन गर्ने ।

२१. शिक्षकहरुले स्थानीय शैक्षिक सामग्री  निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

२२. अभिभावकहरुले आफ्ना नानी बाबुहरुका लागि सिक्ने पढ्ने गृहकार्य गर्ने  घर परिवार भित्र वातावरणको प्रबन्ध गर्नुपर्ने ।

२३. स्थानीय तहले आवश्यक अनुगमन सहित उचित निर्देशन तथा पृष्ठपोषण  र शिक्षकहरुलाई उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

२४. स्थानीय तहले विद्यालयहरुमा खेलकुदका लागि आवश्यक सामग्रीको व्यबस्थापन गर्ने ।

२५. अनिवार्य रुपमा प्रत्येक विद्यालयहरुमा इ हाजिरीको व्यबस्था गर्ने ।

२६. अभिभावकहरुले विद्यार्थीलाई नियमित रुपमा गृहकार्य गर्ने  बानी बसाउने ।

२७. शिक्षकहरुले वालमैत्री सिकाइका लागि शैक्षिक सामग्री निर्माण गर्ने ।

२८.  समुदाय, स्थानीय वडा कार्यालयहरुले आफ्नो क्षेत्रभित्रका विद्यालयलाई जङ्क फुड रहित बनाउने ।

२९. विद्यालयमा सुचना प्रविधि संग सम्बन्धी तालिमको व्यबस्था गर्ने ।

३०. विद्यालयमा नमूना नर्सरी तथा फलफुलका वृक्षहरु रोपण गर्ने ।

३१. परिवार, अभिभावक तथा शिक्षकहरुले वालवालिकाहरु प्रति सकरात्मक व्यबहार गर्ने ।

३२. पारिवारिक, संस्कारी शिक्षा, नैतिकवान, अनुशासित र लगनशिल शिक्षा आर्जनको लागि वालबालिकाहरुलाई  उत्प्रेरणा दिने गरी शिक्षाको विकास गर्ने ।

३३. वालवालिकाको क्षमता अनुसारको पढाइको वातावरण सिर्जना गर्ने ।

३४. विद्यालयमा पाठ्यक्रमको व्यबस्था सहित शिक्षक निर्देशिकाको व्यबस्थापन गर्ने ।

३५. शिक्षण सिकाइ प्रभावकारीताका लागि विषयगत दक्षता शिक्षक तयारका लागि तालिम र शिक्षण विधि सम्बन्धी समय समयमा तालिमको व्यबस्था गर्ने ।

३६. शिक्षकहरुले  आफ्नो पेशप्रति कर्तव्यनिष्ठ, इमान्दार, चरित्रवान तथा नैतिकवान हुनुपर्ने ।

३७. विषयबस्तुमा दक्ष, नयाँ तथ्याङ्क तथा समसामयिक विषयबस्तुहरुको ज्ञानमा शिक्षकले अद्यावधिक हुनुपर्ने ।

३८. शिक्षकले  प्रविधि संग नजिक रही नँया विषयबस्तुलाई खोज गर्न सक्ने क्षमता विकास गर्ने ।

३९. विद्यालयले पढ्दै कमाउदै कार्यक्रम जस्ता कार्यक्रमको कार्यान्वयन गर्दा उद्यमशिल समाज निर्माणमा सहयोग पुग्ने खालको वातावरण निर्माण गर्ने ।

४०. विद्यालयका शिक्षकहरुले विद्यार्थी केन्द्रित शिक्षण विधी सहित प्रविधिमैत्री कक्षाकोठा निर्माण गर्ने ।

४१. विद्यार्थीहरुको व्यक्तिगत फाइल तयार गरी समय समयमा अभिभावकहरुलाई विद्यार्थीको प्रगतिका बारेमा जानकारी गराउने ।

४२. शिक्षकहरुलाई समयानुकल स्थानीयतहले तालिमको व्यबस्था गर्ने ।

४३. अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने

४४. विज्ञ समुह गठन गरी पृष्ठपोषण आदान प्रदान गर्ने

४५. प्रधानाध्यापकले विद्यालय र सम्बन्धित सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने

४६. विद्यालयका लागि स्रोत पहिचान र संकलन गर्ने

४७. प्रधानाध्यापक प्रविधिमैत्री हुनुपर्ने

४८. कुनैपनि राजनैतिक दलको सदस्य नभएको स्वतन्त्र व्यक्ति हुनुपर्ने

४९. प्रधानाध्यापकले आर्थिक रुपमा पारदर्शिता गर्ने गराउने

५०. प्रधानाध्यापकले अन्य शिक्षकहरुको समस्या तथा गुनासा सुन्ने व्यबस्था गर्ने ।

गाउँ कार्यपालिकाको कार्यालय
वागरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल